# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट

बागमती प्रदेश , नेपाल


प.सं.: ०७८/०७९

च.नं.:

मितिः २०७९/०३/३०

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७९-०३-३०)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट २०७९/०३/२५ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम यस तारकेश्वर गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुनु अनुरोध छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

**(क)** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तीण भएको

**(ख)**दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

(ग)कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,

**२. दरखास्त दिने स्थानः**- तारकेश्वर गाउँपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मिति :**-२०७९/०४/१२

**४. आवेदनको दस्तुरः**- रु. ५००

**5. छनौटको किसिम :**- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

**6. आवेदन साथ संलग्न कागजातहरुः**- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७) सेवा सुविधा तथा अन्य :**- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापडण्ड , २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण , पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय तथा गाउँपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ।

७९/०३/३०

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

राजु अधिकारी

प्रमुख प्रशासकीय अधिकृत